मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

आज सप्तमी 'फूलपाती': पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ३१३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज २६ गते मंगलवार (Tuesday, October 12. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-






याक दुहुँदै कृषकः ताप्लेजुङको फक्ताङ्लुङ–७ मौवाटार अवस्थित याक गोठमा याक दुहुँदै कृषक । तस्वीरः रासस

# मासु व्यवसायी मगरको हत्याको आशंका

**झापा, असोज २५।** झापाको बिर्तामोड-५स्थित महानन्द चोक नजिकै आइतवाररराति मासु व्यवसायी इन्द्रकुमार मगरको शव आफ्नै पसलभित्र फेला परेको छ। उनको कसैले हत्या गरेको हुनसक्ने आशंका गरिए पनि प्रहरीले घटनाका विषयमा अनुसन्धान गरिरहेको जनाएको छ।

लामो समयदेखि मासु व्यवसाय गर्दै आएका मगरको कसैसँग रिसइवी नभएको परिवारले जनाएको छ। मगरको हत्याको कारण नगद लुट्नका लागि भएको हुनसक्ने अनुमान गरिए पनि वास्तबिकता भन्ने खुल्न सकेको छैन। प्रहरीले घटनाको अनुसन्धानका लागि धरानबाट तालिम प्राप्त 'ट्र्याकर डग'को सहयोग लिएको छ। यद्यपि अनुसन्धानको त्यो पाटोबाट प्रतिफल हात नलागेको प्रहरीले जनाएको छ। हत्या घटनाको अनुसन्धानका लागि प्रहरीलाई 'ट्र्याकर डग'ले कतिपय घटनामा सघाउने गरेको छ। तर, पूर्वका हालसम्म यस्ता प्रकृतिका घटनामा अनुसन्धानका लागि तालिम प्रदान गरिएको कुकुर प्रयोगले प्रतिफल नदिएको बताइन्छ।

झापाको गौरादह, शिवसताक्षी, कन्काई, बिर्तामोड लगायतका स्थानीय तहमा यसअघि पनि जघन्य प्रकृतिका हत्याका घटना भएका थिए। तर, ती घटनामा ट्र्याकर डगले प्रहरीलाई दिने प्रतिफल शून्य रह्यो। झापा प्रहरीका प्रवक्ता समेत रहेका डीएसपी राकेश थापा भन्छन्- 'प्रहरीले गर्ने अनुसन्धानमा कुनै कसुर बाँकी नराख्न कुकुर प्रयोग गरिएको हो। तत्काल रिजल्ट दिन्छ भन्ने तर्क गलत छ। अनुसन्धानका हरेक पाटा जारी राखिएकाले ट्र्याकर डगको सहायता पनि प्रहरीले लिएको हो।' इलाका प्रहरी कार्यालय बिर्तामोडको एक किलोमिटर नजिकको दूरीमा भएको घटनाले बिर्तामोडबासीले असुरक्षाको महशुस गरेका छन्।

बिर्तामोडमा असार यता मात्र तीनवटा हत्याका घटना भए। अनुसन्धानको गाम्भीर्यलाई प्रहरी प्रशासनले हलुका रुपमा लिँदा घटनामा संलग्न अपराधीहरु बच्न सफल भएको बिर्तामोडबासीले आरोप लगाएका छन्। स्थानीय राजेन्द्र ढकाल भन्छन्- 'सम्साँझै भएको हत्याको घटनाले चाडपर्वको मुखैमा असुरक्षाको महशुस भएको छ।'

मगर ग्राहकसँग ठट्टा गर्ने मिजासिलो स्वभावका व्यवसायी भएको उनका छिमेकी बताउँछन्। उनले आइतवार मात्रै २ वटा सुँगुरको वध गरेर मासु विक्री गरेका थिए। परिवारका अनुसार मगरसँग कम्तीमा २ लाख रकम थियो। सँधै कारोवार गरेको रकम पसलमा राख्ने गरेका थिए। बंगुर फ्रेस हाउस चलाउँदै आएका उनको घाँटी र हातमा धारिलो हतियार प्रयोग भएको प्रहरीको भनाइ छ। प्रहरीले घटनास्थलबाट परिवारले दाबी गरेको रकम नभेटेपछि पैसाकै कारणले हत्या भएको हुन सक्ने अनुमान गरेको छ।

मगरका भाइ रमेशले पैसा लुट्नकै लागि दाइको हत्या भएको आशंका गरेका छन्। साथमा भएको पैसा पसलमा भेटिएन- उनका भाइ भन्छन्- मासु जोख्न लगाएर खुकुरी प्रहार भएको पाइयो। मगरको मासु पसल महानन्द चोकमै छ। बेलुका ८ बजेपछि घटना भएको प्रहरीको भनाइ छ।

## जबरजस्ती करणी गर्ने पक्राउ

**काठमाडौं, असोज २५।** ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा ललितपुर बागमती गाउँपालिका-१ घुसेल बस्ने ३९ वर्षीय हरिशरण सत्याललाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ।

ती महिलालाई घर बनाउने काम दिलाएको सत्यालले खाना बनाउने ठाउँमा आई एक्कासी जबरजस्ती करणी गरेको भन्ने खबर महानगरीय प्रहरी वृत्त चापागाउँमा प्राप्त हुनासाथ प्रहरी चौकी टिकाभैरवबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## दुई लाख महिलाको नि:शुल्क उपचार गर्ने

**झापा, असोज २५।** झापाको बिर्तामोडमा रहेको पूर्वाञ्चल क्यान्सर अस्पतालमा महिलाहरुले नि:शुल्क स्वास्थ्य जाँच गर्न पाउने भएका छन्।

विजयादशमी, दीपावली तथा छठ पर्वको अवसर पारेर पुस महिनासम्म महिलाहरुको नि:शुल्क स्वास्थ्य जाँच गर्न लागेको पूर्वाञ्चल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईले जानकारी दिए।

अस्पताल परिसरमा सोमवार आयोजित कार्यक्रमकाबीच कार्यकारी निर्देशक प्रसाईले महिलाहरुमा विशेष गरी क्यान्सर रोगको समस्या देखिने गरेको र अस्पतालमा स्वास्थ्य जाँचका लागि आउने सम्पूर्ण महिलाहरुमा क्यान्सर रोग भए/नभएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## सङ्क्रमण दर ५% भन्दा कम

**झापा, असोज २५।** नेपालमा कोरोना भाइरसको सङ्क्रमण दर पाँच प्रतिशतभन्दा कममा झरेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार कोभिड-१९ परीक्षण गर्दा सङ्क्रमण दर पाँच प्रतिशतभन्दा कम देखिएको मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले जानकारी दिए।

आइतबार १२ हजार चार सय ४ जनामा कोरोना भाइरस परीक्षण गर्दा ५ सय ९६ जनामा सङ्क्रमण देखिएको थियो। उनका अनुसार आइतवारको सङ्क्रमण दर कोरोना भाइरसको दोस्रो लहरको शुरुवात पछिकै सबैभन्दा कम हो। पछिल्लो एक महिनाका

*(बाँकी अन्तिम पृष्ठमा)*


**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।


# प्रकाश शर्मालाई अस्पतालबाट घर ल्याइयो

**विनोद पाण्डे**

**चारपाने, असोज २५।** समुदायको सहयोगमा मक्किएको तिघ्राको हड्डी फेरेर स्वास्थलाभ गर्दै गरेका झापा बिर्तामोड-२ चारपाने निवासी प्रकाश शर्मालाई सोमवार घर ल्याइएको छ। दुबै खुट्टामा देखा परेको समस्याका कारण दुई बर्षदेखि ओच्छ्यान परेका शर्मा उपचार पछि सामान्य रुपमा हिँड्न सक्ने भएका छन्।

निरन्तर फ्लोअपमा अस्पताल जाने, थेरापी गर्ने कार्यलाई निरन्तरता दिँदै जाने हो भने उनी छिट्टै सामान्य रुपमा हिँड्डुल र दैनिक कार्य गर्न सक्ने वीएण्डसी अस्पतालका मेडिकल डाईरेक्टर डाक्टर निराजन पराजुलीले बताए।

राजमिस्त्री काम गरेर परिवार चलाउँदै आएका ३२







बर्षीय शर्मा ओच्छ्यान परेर खर्च अभावमा पीडा खप्न बाध्य भएको अवस्थामा समाचार बाहिर आएको थियो। समाचार प्रकाशन/प्रशारण भएसँगै स्थानीय युवा किरण पौडैलले सामाजिक सञ्जालमार्फत सहयोगको घोषणा गर्दै अन्य व्यक्तिहरुसँग पनि सहयोगको लागि अपिल गरेका थिए।

शर्माको उपचारको लागि स्थानीय संघ-संस्था, व्यक्तिहरुसहित देशविदेशबाट हजार जनाभन्दा धेरैले सहयोग गरेका थिए। अस्पतालले शर्माको उपचारको लागि २२ लाख खर्च लाग्ने बताएपछि उक्त रकम जम्मा नहुने पो हो कि भनेर अलमलमा परेको अभियान समितिलाई वीएण्डसी अस्पतालले पनि सहयोग गरेको थियो। अस्पतालले उपचारमा लाग्ने सामग्री बाहेकका अन्य सबै खर्च छुट गरेर १२ लाख रुपैयाँमा सम्पूर्ण उपचार गरिदिने प्रतिवद्धता जनाएपछि उनको उपचार शुरु भएको थियो। दुई महिनाभित्र दुबै खुट्टाको सफलतापूर्वक शल्यक्रिया गरेर पीडित शर्मा, अभियन्ता र दाताहरुको अपेक्षा अनुसारको उपचार गरिदिएको भन्दै वीएण्डसी अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाई, उपचारमा संलग्न डाक्टर निराजन पराजुली, इसाद खान, कृष्णकान्त यादव, र राजीव साह र आमसंचार डटकमका समाचार प्रमुख बिनोद पाण्डेलाई कदर-पत्रद्वारा सम्मान गरिएको थियो।

प्रसाईलाई अभियानका संयोजक डिल्लीराम सिटौला, वडा अध्यक्ष नगेन्द्रप्रसाद संग्रौलाले डाक्टर पराजुलीलाई अभियानका सदस्य उपेन्द्र पराजुली र समाजसेवी मदनगोपाल सुब्बाले पत्रकार पाण्डेलाई सहारा नेपाल साकोसका कार्यवाहक अध्यक्ष हरिप्रसाद निरौला र शिक्षासेवी राम सिटौलाले कदर-पत्र प्रदान गरेका थिए।

सम्मानकै क्रममा वीएण्डसी अस्पतालका कार्यकारी निर्देशक प्रसाईले शर्माको उपचार प्रक्रियाको बारेमा आफ्नो धारणा राखेका थिए।

दशैंको उमंग बढेको बेला उनको परिवारमा त्यो भन्दा पनि धेरै खुशियाली छाएको छ। जीवनदेखि निराश बनेका शर्माको मुहारमा हाँसो देखिएको छ। यसका लागि उनले दाता, अभियन्ताहरुलाई धन्यवाद दिएका छन्।

कार्यक्रममा स्थानीय नागरिक, संघ-संस्थाका प्रतिनिधि, बिर्तामोड-२का वडाध्यक्ष संग्रौला लगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन अभियानका सचिव जगन्नाथ अधिकारीले गरेका थिए।

अतिविपन्न वर्गका शर्माको उपचारको लागि समुदायबाट अभियान शुरु गरिएको थियो। भदौ २ गते औपचारिक रुपमा शुरु गरिएको अभियान अन्तर्गत १९ लाख ९८ हजार रकम संकलन भएको र उक्त रकमबाट १२ लाख वीएण्डसी अस्पतालमा र केही ऋण तिर्ने काम पनि अभियानले गरेको छ। जम्मा १६ लाख रुपैयाँ खर्च भएको आय-व्यय सार्वजनिक गर्दै अभियानका संयोजक सिटौलाले अभियानको समापन भएको जानकारी दिए।




# शैक्षिक क्षेत्रको अन्यौल हटाउन पहल जरुरी




**बिर्तामोड, असोज २५।** कोरोनाका कारण शैक्षिक क्षेत्रमा निकै ठूलो असर परेको नेपाल शैक्षिक परामर्श संघ इक्यानका केन्द्रीय द्वितीय उपाध्यक्ष शेषराज भट्टराईले बताएका छन् ।

शैक्षिक क्षेत्रको अन्यौल हटाउन सरकारले पहल गर्नुपर्ने भन्दै उनले शैक्षिक परामर्श संघलाई संघीय सरकारले हेर्ने वा प्रदेश सरकारले हेर्ने भन्ने विषयमा अन्यौल सिर्जना हुँदा कतिपय शैक्षिक परामर्श संघहरु अलमलमा परेको बताए । उनले विश्वस्तरको शिक्षा प्रदान गर्नका लागि इक्यानले बिद्यार्थी र अभिभावकसँग सहकार्य गर्ने गरेको जानकारी दिए ।

शिक्षा क्षेत्रमा ठूलो व्यापार रहेको र कोरोनापछि त्यो व्यापारले गति लिने विश्वास व्यक्त गरे । शैक्षिक परामर्श संघलाई व्यवस्थित बनाउन इक्यान लागीपरेको र समस्या र चुनौति भए पनि शैक्षिक परामर्श संघका शाखाहरुले धैर्य गर्नुपर्ने विचार व्यक्त गरे ।

शिक्षाको क्षेत्रको कोरोनाका कारण ठूलो असर पर्दा त्यसको असर इक्यानलाई परेको इक्यानका केन्द्रीय सदस्य पुष्पराज भट्टराईले बताए । उनले भने- 'कोरोनाका कारण शिक्षा क्षेत्रमा ठूलो असर परेको छ । राज्यले शैक्षिक परामर्श संघलाई विशेष छुट र सहयोग दिन आवश्यक रहेको छ ।'

इक्यानका केन्द्रीय सल्लाहकार खड्ग चाम्लिङले कोरोनाका कारण परामर्श संघ धरासायी बन्ने अवस्थामा पुगेको बताए । यसले अर्थतन्त्रमा ठूलो असर पुऱ्याएको भन्दै उनले शैक्षिक परामर्श संघलाई पुरानै अवस्थामा पुऱ्याउन कठिन परिस्थिति उत्पन्न हुने विचार व्यक्त गरे । लामो समयसम्म अष्ट्रेलिया, अमेरिका, जापान लगायतका देशमा शिक्षा लिनका लागि जाने विद्यार्थी रोकिँदा कन्सल्टेन्सी क्षेत्रलाई ठूलो असर परेको उनले बताए ।

शैक्षिक परामर्श व्यवसाय-अवसर र चुनौति विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै इक्यान झापाका अध्यक्ष सुमन शर्मा जमरकट्टेलले परामर्श संघहरु धरासायी बनेको बताए । उनले इक्यान शाखाहरुलाई केन्द्र र सरकारले सहयोग गर्नुपर्ने विचार व्यक्त गरे ।

कार्यक्रममा इक्यान झापाका विभिन्न अभियानलाई सहयोग गरेको भन्दै चिरन चिराग एजुकेशन कन्सल्टेन्सी, क्रिमसन युनिभर्सल एजुकेशन कन्सल्टेन्सी, एभरेष्ट मल्टिटेक्निकल पाठशाला र पद्मा एजुकेशन कन्सल्टेन्सीहरुलाई कदर पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा इक्यान झापाका उपाध्यक्ष मिलन ओलीले स्वागत गरेका थिए भने कार्यक्रमको सञ्चालन कार्यक्रम संयोजक अनिल सापकोटाले गरेका थिए ।

# ३० परिवारलाई 'दशैं उपहार'




**अर्जुनधारा, असोज २५।** वडादशैंको अवसरमा झापाको अर्जुनधारा-११स्थित सालबारी मिलडाँडा युवा परिवारले स्थानीय ३० परिवारलाई 'दशैं उपहार' वितरण गरेको छ ।

परिवारका अध्यक्ष ओमबहादुर मगरको अध्यक्षता र ज्येष्ठ नागरिक प्रेमराज इङ्नामको प्रमुख आतिथ्यमा सोमबार आयोजित कार्यक्रममा उनीहरुलाई 'दशैं उपहार' वितरण गरिएको हो ।

संस्थाले दशैं उपहार अन्तर्गत अनुमानित एक लाख रुपैयाँ बराबरको खाद्यान्न सामग्री अन्तर्गत चामल, तेल, दाल र नुन आदि वितरण गरेको संस्थाका उपाध्यक्ष म्याक्सम पुरीले जानकारी दिए । कार्यक्रममा नगर कार्यपालिका सदस्यद्वय भैरवबहादुर खड्का र लक्ष्मी तामाङ, समाजसेवी जगत राना मगर, संस्थाका निवर्तमान अध्यक्ष किरण जवेगूलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

२०७६ सालमा स्थापना भएको संस्थाले यस अघि सरसफाई, डस्टविन वितरण, मृगौला पीडितहरुको लागि सहयोग रकम संकलन लगायतका सामाजिक कार्यहरु गर्दै आएको सल्लाहकार सनम राईले जानकारी दिए । संस्थामा हाल ५० जना युवा आवद्ध रहेका छन् ।

# तास खेलिरहेका चार जना पक्राउ

**झापा, असोज २५।** कमल गाउँपालिका-३ केर्खास्थित सोही गाउँपालिका-४ बस्ने ३३ वर्षीय सञ्जीव लिम्बूको ल्याण्ड होटलमा तास खेलिरहेको अवस्थामा लिम्बू लगायत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

उक्त होटलमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उनीहरुलाई नगद १ लाख ५० हजार रुपैयाँ र ३ बुक तासससहित पक्राउ गरेको हो ।

## दुई लाख ...

पत्ता लगाउन स्कृनिङ गर्दै, मेमोग्राम समेत गरिने बताए । मानिस स्वस्थ र सुखी रहनुपर्छ भन्दै अस्पतालका कार्यकारी निर्देशक प्रसाईले झापाका मात्रै दुई लाख महिलाको अस्पतालले निःशुल्क स्वास्थ्य जाँच गर्ने र दोस्रो चरणमा इलाम, पाँचथर, ताप्लेजुङसहित पूर्वी पहाडी जिल्लाका महिलाको स्वास्थ्य जाँच गर्ने कार्यक्रम रहेको जानकारी दिए ।





२०७८ सालको बिजयादशमी, शुभ दीपावली, छठ, नेपाल सम्वत ११४२को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देविन्द्र शाहु: कार्यालय प्रमुख

एवम् प्लान्ट क्वारेन्टिन तथा विषादि व्यवस्थापन केन्द्र परिवार, काँकरभिट्टा, झापा



## सूचना

आत्महत्या समस्याको समाधान होइन,
अमूल्य जीवन त्यसै खेर नफालौं,
समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।






२०७८ सालको बिजयादशमी, शुभ दीपावली, छठ, नेपाल सम्वत ११४२को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ध्रुवराज विश्वकर्मा: कार्यालय प्रमुख

मेची भन्सार कार्यालय परिवार, मेनपा-६, झापा


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| शिवप्रसाद कोइराला | डाँगीवारी-८ | १४०२<br>१४०१ | ०-५-०<br>०-५-० | हुपना बास्के सतार |
| देवीमाया कटुवाल | तोपगाछी-६ | ७७८ | ०-६-० | मानध्वज माझी/देवान सतार |
| अमरबहादुर लिम्बू | शरणामती-८ | ५५ | १-३-१० | खड्ग बहादुर बुढाथोकी |
| डिल्लीराम गौतम | तोपगाछी-४ | ४९५ | ०-९-० | भगवत बहादुर |
| लेखबहादुर खुलाल | तोपगाछी-६ | ७८० | ०-९-० | पदम बहादुर माझी/पदम बहादुर कामी |
| नारायणप्रसाद रिजाल | तोपगाछी-६ | २९७६ | ०-१०-० | मानध्वज सुनार/मानध्वज सुनुवार/मानवध्वज कामी |
| पुष्पा रिजाल | तोपगाछी-६ | २४२४ | १-०-० | मानध्वज सुनार |
| नरबहादुर सार्की | तोपगाछी-६ | ७७९ | ०-९-० | पदम बहादुर कामी/ पदम बहादुर माझी |
| भातो गणेश | केचना-३ | १२०<br>१४५ | ३४८५.००<br>५१५.०० | धौरी राजवंशी / धोरी मिया |
| भातो गणेश | केचना-३ | १४६<br>११९ | ४३५.००<br>३२३०.०० | धोकरा गणेश/धोकरा मिया |
| मित्रमणि ढकाल | पाराखोपी-७ | २५२२ | ०-२-१७ | भाङ्गरु सतार/ भाङशा सतार |
| अनवेरी खातुन समेत | केचना-३ | ८८२ | २९४५.०० | धोकाहा मिया/ धोका मिया |
| अनवेरी खातुन समेत | केचना-३ | ५५४ | ३८५.०० | हासिम मिया |
| सपना देवी राजवंशी | पथरिया-२ | ४२२ | ९५५.०० | माधुलाल/ माधुरी/ माहाधुलाल राजवंशी |
| नारायणसिंह राजवंशी | पथरिया-४ | ६८७<br>६८८ | ८०.००<br>२२५.०० | बेरिया राजवंशी |
| दिपेशकुमार माझी | केचना-३ | ११९२ | ४४८.०० | महमदिन मिया/ बहुका मिया/ दाउका मिया |





'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'

२०७८ सालका बिजयादशमी, शुभ दीपावली, छठ, नेपाल सम्वत ११४२को अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी लगायत समस्त नेपालीमा सुख, शान्ति, समद्धि र उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्राविधिक शिक्षा आजको आवश्यकता, प्राविधिक शिक्षा पढौं सिपयुक्त जनशक्ति निर्माण गरौं ।

| हेमन्त आचार्य | पुरण राई | दौलथकुमार राई |
|---|---|---|
| प्रधानाध्यापक | अध्यक्ष<br>शिक्षक अभिभावक संघ | अध्यक्ष<br>विद्यालय व्यवस्थापन समिति |

एवम् शान्ति निकेतन नमूना माध्यमिक विद्यालय
रोङ गाउँपालिका-३, कुटीडाँडा, इलाम


## संक्रमण दर ...

बीचमा ६० प्रतिशतले सङ्क्रमण घटेको छ । मन्त्रालयका अनुसार भदौको पहिलो साता ४० हजार ३ सय ३८ सक्रिया सङ्क्रमित रहेकामा अहिले असोजको पहिलो साता त्यो संख्या १५ हजार ९ सय ४२मा झरेको छ ।

कोरोना भाइरसविरुद्धको खोपको पहुँच, सर्वसाधारणले जनस्वास्थ्यका मापदण्ड लागू गर्न देखाएको तदारुकता र महामारी नियन्त्रणमा नेपाल सरकारले अख्तियार गरेको नीतिका कारण सङ्क्रमण घट्दै गएको देखिएको छ । उनका अनुसार भदौको पहिलो साता ४० हजार ३ सय ३८ जना सक्रिय सङ्क्रमित रहेकामा अहिले असोजको पहिलो साता त्यो सङ्ख्या १५ हजार ९ सय ४२ पुगेको छ । सङ्क्रमणमा उल्लेख्य कमी देखिएका कारणमध्ये कोरोना भाइरसविरुद्धको खोपको पनि योगदान रहेको बताइएको छ ।

यस्तै काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरमा पहिलो मात्रा ८१ प्रतिशत र पूर्णमात्रा ७४ प्रतिशतलाई कोरोनाविरुद्धको खोप लगाइएको छ । यस्तै उपत्यकामा १७ लाख ४५ हजार ५ सय ७० जना र पूर्ण मात्रा १७ लाख ७९ हजार ८ सय ९७ जनालाई खोप लगाइएको छ ।

# क्वारेन्टिन कार्यालय, काँकरभिट्टा झापाको सूचना

### कृषि तथा कृषिजन्य वस्तु आयात/निर्यात गर्दा हाल विभिन्न समस्याहरु आएकाले सबै निकासी/पैठारीकर्ताहरुलाई अनुरोध

कृषि तथा विरुवाजन्य उपजहरुको निकासी पैठारीबाट फैलिन सक्ने विनाशकारी रोग कीरा, माटो, झारपातहरु, आदिको प्रवेश, स्थापना र फैलावटबाट हुन सक्ने क्षतिको संवेदनशीलतालाई महशुस गर्दै प्लान्ट क्वारेन्टिन प्रक्रिया जाँच र परीक्षण गरी गराई विरुवा संरक्षण ऐन, २०६४ तथा विरुवा संरक्षण नियमावली २०६६ अनुसार प्लान्ट क्वारेन्टिन प्रक्रिया पूरा गरेर मात्र आयात/निर्यात गर्न हुन सबै सरोकारवालाहरुलाई अनुरोध गरिन्छ ।

**साथै निकासी पैठारीकर्ताहरुले**

- स्वस्थ देखिने वस्तुहरु मात्र ल्याउने वा लैजाने गरौं । कुनै पनि रोग कीराको लक्षणहरु भएको, क्षतिग्रस्त र सडेगलेका विरुवा वा विरुवाजन्य उपजहरुको ओसारपसार नगरौं ।
- स्वस्थ देखिने वस्तुहरु जसमा माटो, झारपातको वीऊ नभएको वस्तुहरु मात्र आयात निर्यात गरौं ।
- प्रशारण हुने वस्तुहरु वीऊ-वीजन, विरुवा, कलमी र अन्य प्रशारण वस्तुहरु विदेशबाट ल्याउने पर्ने भएमा नाकामा रहेका प्लान्ट क्वारेन्टिन कार्यालयमा जाँच/परीक्षण गराएर मात्र लैजाने गरौं ।
- प्लान्ट क्वारेन्टिन प्रक्रिया पूरा गरेर मात्र आयात निर्यात गरौं । स्वस्थ व्यापारमा जोड दिऔं ।

कृषि तथा कृषिजन्य वस्तुको प्लान्ट क्वारेन्टिन प्रक्रिया पूरा नगरी निकासी/पैठारी गरेको पाइएमा विरुवा संरक्षण ऐन २०६४को दफा २२ र २३ अनुसार कसुर दण्ड मानिनेछ ।

**थप जानकारीको लागि क्वारेन्टिन कार्यालय, काँकरभिट्टा, झापामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।**

## कृषि तथा पशु उद्यमशीलता विकास परियोजना
क.न.पा.-१, झापा, प्रदेश नं. १, नेपाल

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशन मितिः २०७८।०६।२७** **बिज्ञापन नं. ००१/२०७८**

कनकाई नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा अभियान नेपालद्वारा सञ्चालित "कृषि तथा पशु उद्यमशीलता विकास परियोजना"का लागि तपशिलमा उल्लेखित पदमा पदपूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र योग्यता प्राप्त इच्छुक नेपाली नागरिकबाट दोस्रो पटक पुनः दरखास्त आव्हान गरिन्छ ।

**घ) पद : लेखापाल**

पद संख्या : १ (एक) जना

**न्यूनतम योग्यता र कार्यानुभव :**

- वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तिमा ३ वर्षको कार्यानुभव भएको ।
- लेखाका आधारभुत सिद्धान्तको विषयमा दक्ष ।
- कम्प्युटर खास गरी लेखा सफ्टवेयर सम्बन्धि दक्षता भएको ।
- लेखा प्रतिवेदन तयारी, तथ्याक्त विश्लेषण, बजेट निर्माण सम्बन्धि ज्ञान भएको ।
- स्थानीय सरकारको लेखा प्रणाली सम्बन्धि अनुभव र ज्ञान सीप भएको ।
- बजेट निकासा तथा फर्छौट सम्बन्धी स्थानीय सरकारको लेखा प्रणालीको अनुभव र ज्ञान सिप भएको ।
- समुदाय स्तरमा र दुर्गम क्षेत्रमा भ्रमण तथा काम गर्न रुचि भएको ।
- नियमित तथा आवश्यकता अनुसार परियोजना कार्यक्षेत्र भ्रमण तथा पालिकासँग समन्वय र सम्पर्क राख्न सक्ने

२. **सेवा सुविधा :** परियोजनाको नियमानुसार हुनेछ ।

३. **दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र (मिति २०७८-०७-१० गते बुधबार) । उक्त दिन सार्वजनिक विदा पर्न गएमा नियमानुसार हुनेछ ।

४. **परीक्षाको किसिम :** लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक

५. **आवश्यक कागजातहरु :** आवेदन दिन चाहेको पद खुलाई रीतपूर्वक भरिएको आवेदन फारम व्यक्तिगत विवरण (बायोडाटा), शैक्षिक योग्यताका प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सम्वन्धित विषयको कार्यानुभव पत्र र अन्य अनुभवका कागजातहरुको प्रमाणित प्रतिलिपि र पासपोर्ट साईजको फोटो २ थान ।

६. **उमेर हद :** कम्तिमा २१ बर्ष पूरा भई ४५ बर्ष ननाघेको हुनुपर्ने छ ।

७. दरखास्त प्राप्त गर्ने स्थान अभियान नेपालको कार्यालय, बिर्तामोड-५ बाट प्राप्त गरी संस्थाको कार्यालय तथा संस्थाको मेल info@abhiyannepal.org.np मा बुझाउन सकिनेछ ।

नोट : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित परीक्षामा समावेश गराइनेछ । रित नपुगेका, म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । मोटरसाईकल भएका, सवारी चालक अनुमति-पत्र प्राप्त भएका नागरिकहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

**सम्पर्क नं. ९८०२७३५८७८, ९८४१५९४९१९, ९८०२७३५८७५** – पदपूर्ति समिति

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# सबैको कल्याण होस्

नेपालीको साझा अनि महत्वपूर्ण पर्व बडादशैंको सातौं दिन आज । यस दिनलाई फूलपाती पनि भन्ने गरिन्छ । घटस्थापनाबाट शुरू भएको वडादशैंको सप्तर तिथिका दिन कृष्णवर्ण भएकी तीन नेत्र र चार भुजा भएकी भयरहीत मुद्राकी देवी दुर्गाको विशेष पूजा गरिन्छ । जताततै असत्य, अन्याय, व्यभिचार, दुराचार र आतङ्कको साम्राज्य स्थापित भइरहँदा त्यस्तो प्रवृत्तिको विनाश गरी न्याय, सत्य र इमान स्थापना गर्न देवताहरूको अनुरोधमा मातृशक्ति दुर्गाले दुष्टात्माहरूको वध गरेको विशेष दिनको सम्झना र सम्मान गर्ने आजको दिन आश्विन शुक्ल पक्षको सप्तमी तिथिमा विशेष कार्यक्रम गर्ने गरिएको छ । कालरात्रि स्वरूपा देवी दुर्गाले आफ्नो शरीरबाट झरेको प्रत्येक थोपा रगतबाट नयाँ जीवन प्राप्त गर्ने रक्तविज नाम गरेको दानवको वध गरी देवताहरूसँगै सत्य र न्यायको रक्षा गरेकी थिइन् ।

पौराणिक आख्यान अनुसार दशैं सत्य र न्यायको जीत भएको अवसरको पुनःस्मरण हो । त्यसैले वैदिक सनातन धर्मप्रति आस्था र श्रद्धा गर्नेहरूले घटस्थापनापछिका दिनहरू विशेष ढङ्गले मनाउने गर्छन् । त्यसमध्ये फूलपातीका दिनकेरा, हलेदो, धान, अशोक, वेलपत्र, दारिम, केराको बोट, धानको बाला, उखु, जयन्ती आदि अन्न र वनस्पतिसहितको फूलपाती भित्र्याएर दुर्गा भगवतीको विशेष पूजा गरिन्छ । यो दिन गोर्खाबाट उठाएको राजधानी काठमाडौंसहित अन्य शक्तिपीठहरूमा पुऱ्याउने चलन थियो । हनुमान ढोकास्थित तलेजु भवानीको मन्दिरमा रहेको दशैंघरमा फूलपाती भित्र्याउने विशेष अनुष्ठान नै हुन्थ्यो । शाहवंशीय राजाको गोर्खा दरबारमा रहेको गोरखकाली मन्दिरमा षष्ठीकै दिन भारदार र कर्मचारीहरूले नजिकको जङ्गल र गाउँबाट फूलपाती सङ्कलन गरी राख्ने र भोलिपल्ट अर्थात सप्तमीका दिन हर्षबढाइँका साथ दरबार भित्र्याइन्थ्यो ।


वडादशैंको यस्ता पौराणिक र सांस्कृतिक महत्वका बीच सामाजिक प्रचलन पनि उत्तिकै महत्व छ। आजकै दिनदेखि गाउँघरमा लिङ्गे पिङ खेल्न शुरू हुन्छ । टाढा गएका परिबारका सदस्य, वर्षौंदेखि नभेटिएला साथीभाइ र आफन्तसँग भेट हुने यो समयले विगतका सबै पीडाबाट मुक्ति दिन्छ । वर्षा सकिएपछिको शारदीय आकाशले दिने आनन्द र लगातारको श्रमबाट मिलेको मुक्तिसँगै परदेशीएका अति प्रियजनसँग समेत भेट गराउने दशैंको सामाजिकता अनुपम नै छ । दशैंले धर्मको परिधि पनि नाघेको छ र सबैको साझा बनिएको छ । सबै धर्म, संस्कृति र संस्कारका अनुचरहरूको लागि पनि दशैं हर्षको चाड हो । यसले कसैलाई व्यापार दिएको छ, कसैलाई पेशा त कसैलाई अतिरिक्त प्रमोद दिएको छ । गलेको शरीरमा ऊर्जा,उमङ्ग र हर्षको सञ्चार गर्ने यो दशैंले सबैका मनोकांक्षा पूरा गरोस् । देवी दुर्गाको दृष्टि परोस्, चिताएका इच्छा पूर्ण होउन् । ऋण गरेर पर्व मनाउनु पर्ने बाध्यता हटेर जाओस्, देखावटी र तडकभडकरहीत, आत्मीय र हार्दिकतापूर्वक दशैं मनाउन देवीको प्रेरणा प्राप्त होस् । कोरोनाको भयग्रस्त परिवेशमा जनस्वास्थ्यका मापदण्डप्रति सजगता नमरोस् फूलपातीको विशेष शुभकामना ।

### सामाजिक सञ्जाल




प्रधान न्यायाधीशलाई कार्यकारिणी प्रमुख समेत बनाइयो, हाम्रा नेताले सलाम गरे । अहिले यो वा त्यो नेता प्र. न्यायाधीशलाई मन्त्री-भागबण्डा जोडेर न्यायपालिका माथि जन-पत्यार घटाउने थप अन्तरध्वंश गरे, धन्य राजीनामा आयो । सत्ताको बल्छीमा हाम्रा धेरै नेता बिटुलिए । चाहियो हाम्रै अग्रगमन ।

– दमननाथ ढुंगाना



हमालको नियुक्ति जसरी भयो त्यो दुर्भाग्य थियो । तर, त्यो भन्दा खतरनाक थियो त्यसलाई सही ठान्ने कुतर्क । यिनले राजीनामा दिएछन्, ठिकै गरे । तर, देखादेखी गल्ती गर्ने, प्रश्न र आलोचनालाई हेप्ने र अन्ततः आफू पत्रु हुने यस्तो सुत्रचै कसरी पत्ता लाग्छ ?

– केशव दाहाल



राजनीतिमा लागेको कुनै चेतनशील र विवेकशील युवा, उमेरले ८० पुग्न लागेको 'भिजन शून्य'लाई फेरि नेतृत्वमा ल्याउनु पर्छ भने उसको राजनीतिक चेतनामा खरावी छ, नियतमा खोट छ उमेर मात्र होइन दास प्रवृत्तिका युवालाई पनि राजनीतिबाट बिदा गर !

– सुशिल पन्त

# उपभोक्ता समिति : विकासको साधक या बाधक



उदय मैनाली

नेपालको चालू पञ्चवर्षीय योजनाको विकासको नारा समृद्ध नेपाल, सुखी नेपालीको आधारमा देशभरि विभिन्न स्तरका साना-ठूला योजना, आयोजनाहरु सञ्चालनमा छन् । समृद्धी नेपाल र नेपालीको शान हो । आर्थिक वृद्धी र आर्थिक समृद्धीको लागि नेपालले सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक र प्रशासनिक संघीयताको माध्यम प्रयोग गरेको छ । यी सबै क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन तीन तहका सरकारहरु लागीपरेका पनि छन् ।

तर, यति कोशिसका वाबजुत समृद्धी कुन चराको नाम हो जनताले स्पष्टरुपमा देख्न र भोग्न पाइरहेका भने छैनन् । समृद्धी आफै आउने हुने विषय पनि होइन । यसका लागि राज्यको नीति, कार्यक्रम, बजेट तथा योजना कार्यान्वयन पक्ष सबल हुनु पर्दछ । साथै यसका लागि जनताको प्रत्यक्ष सहभागिता रहने स-साना समूहहरुको कामले पनि ठूलो महत्व राख्दछ ।

त्यस प्रकारका समूहहरुलाई उपभोक्ता समिति भनिन्छ । अहिलेका साढे सात सयभन्दा बढी स्थानीय तहका छ हजार सात सयभन्दा बढी वडामा उपभोक्ता समितिहरु क्रियाशील छन् । एउटा वडामा हाराहारी ३० देखि ४० को संख्यामा उपभोक्ता समिति गठन भएको पाइन्छ । यस्ता उपभोक्ता समितिलाई थुप्रै खालका आरोप नलागेका पनि होइनन् । तर, अनेक खालका विकल्पहरू भए तापनि यसको प्रयोगमा कुनै कमी आएको छैन ।

उपभोक्ता समिति भनेको उल्लेख्य पमा काम गर्ने स्थानीय जागरुक समूह हो । यो पक्षपातरहित ढंगबाट सञ्चालित हुनुपर्छ । यसले आफ्नो कामलाई भोक तिर्खा नभनी कार्यसम्पादन गर्दछ र सबैसँग तारतम्य मिलाएर अगाडि बढ्छ भने सरसल्लाह र समन्वयलाई आत्मसात गर्दछ । तोकिएको बजेटको सीमाभित्र रहेर मितव्ययी तरिकाले खर्च व्यवस्थापनमा लाग्छ । कार्या देश बमोजिम तीव्रगतिमा आफ्नो जिम्मेवारी पूरा गर्छ, गर्नुपर्छ ।

उपभोक्ता समितिका मुख्य काम कर्तव्यहरूमा आयोजना सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने उपभोक्ताहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने कार्य शुरु गर्दा कार्यालयबाट निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने हुन् । त्यसैगरी आफ्नो कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने, आफ्ना सदस्यहरुको क्षमता विकास गर्ने सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने तथा आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने रहेका छन् ।

यसै तवरले आफ्नो दायित्वभित्र रहेर पनि केही काम कारवाही गर्नुपर्ने हुन्छ । आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मतसम्भार गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने, आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य गर्ने, अन्य आयोजनाहरुसँग अन्तर सम्बन्ध कायम गर्ने, असल नागरिकको आचरण पालना गर्नुपर्ने, आफ्नो आयोजनाको फरफारकका लागि कार्यालयमा कागजात पेश गर्ने एवम् तोकिए बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्ने आदि पर्दछन् ।

उपभोक्ता समितिलाई आमरुपमा केही आरोपहरू लाग्ने गरेको सुनिन्छ । जस्तैः यसले बिचौलियाको काम गर्छ । सधैं ऋण मात्र देखाउँछ । श्रमदान नाम मात्रको देखाउँछ । गुणस्तरीय काम गर्न सक्दैन । राजनीतिक भागबण्डामा रमाउँछ वा कतै एकलौटी पनि गर्दछ । स्थानीय सीपको प्रयोग हुँदैन आदि । निर्वाचित जनप्रतिनिधिहरू, राजनीतिक दलका पदाधिकारी, सरकारी कर्मचारीहरू तथा शिक्षण पेसाका कर्मचारीहरूलाई उपभोक्ता समितिमा राख्न नपाइने व्यवस्था विपरीत पनि अप्रत्यक्ष रुपमा राखेर काम गरे/गराएको पनि पाइन्छ । आज यस्ता आरोपलाई आम उपभोक्ताहरूले न्यूनीकरण गर्नु जरुरी छ ।




खास विकास चाहिएको गाउँमा नै हो । गाउँमा विकास गर्ने अगुवा भनेकै उपभोग गर्नेवाला नै हुन् । उपभोग गर्नेहरूमध्येबाटै उपभोक्ता समिति बन्छ । यिनीहरूले सबै प्रकारका विकासका काम गर्दछन् । यस्ता विकासको वृद्धि उपभोक्ता समितिबाटै हुने देखिन्छ । सबै उपभोक्ता समितिहरूबाट भए गरेका सम्पूर्ण कामहरूको समष्टि नै समृद्धिको सूचक हो । यस्ता सूचकमा सहयोग गर्नका लागि गाउँ-गाउँमा उपभोक्ता समितिहरु बाह्रै महिना क्रियाशील रहेको पाइन्छ । यसैले उपभोक्ता समितिलाई समृद्धिका सम्वाहक भन्न सकिन्छ ।

यिनीहरूले सबैजसो विकासका कामहरू गरेकै छन् । राम्रो तरिकाले सम्पन्न भएका योजनाले गाउँ-गाउँमा समृद्धिको खाका कोरेको देखिन्छ । यस अर्थमा उपभोक्तालाई समृद्धिका सम्वाहक मान्न सकिन्छ । जसले जुन कुरा प्रयोग गर्ने हो, उसैको मातहतमा रही निर्माण वा कार्यान्वयन गर्ने समूह नै उपभोक्ता समूह हो । यो पहिलो गणतान्त्रिक निर्वाचित जनप्रतिनिधिको कार्यकालमा समृद्धिको जग थाप्ने काम उपभोक्ता समितिहरूले गरेका छन् ।

यसरी गाउँ-गाउँमा आफ्नो विकासका काम आफै गर्ने परिपाटीको संस्कार पारदर्शी, स्वच्छ प्रतिष्पर्धा, जिम्मेवारी र उत्तरदायी तवरले हुने हो भने पक्कै पनि उपभोक्ता समितिको महत्ता र उपयोगिता सुदृढ हुँदै जाने कुरामा दुई मत नरहला । तर, गाउँ गाउँमा रहेका स्थानीय दलका नेता कार्यकर्ताको आर्थिक स्वार्थसँग जोडेर यस्ता योजनाको यपभोक्ता समिति बन्ने अहिलेको जस्तो विकृती बढ्ने हो भने स्थानीय स्तरदेखी भ्रष्टाचारको अखडा बन्दै जाने र यसले कालान्तरमा असफल राज्यको रुपमा हामीलाई परिणत गर्ने छ । तसर्थ, गाउँको विकासमा लाग्न चाहने जो कोही नागरिकले आफ्नो इमान्दारिताको परीक्षामा अब्बल उत्रिन सक्नुपर्छ र त्यस संलग्न योजना प्रचलित कानून र आर्थिक पारदर्शितासहित सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई एवम् लेखा परीक्षण गराई कार्य सम्पन्न गर्नु पर्दछ ।

# आज सप्तमी 'फूलपाती'



नेपालीहरुको महान पर्व बडा दशैंको आज सातौं दिन अर्थात् फूलपाती । घर-घरमा वैदिक परम्परा अनुसार हर्ष बढाइका साथ फूलपाती भित्र्याइँदैछ । आसुरी शक्तिमाथि दैवीशक्तिको बिजयको रुपमा बडादशैं मनाउने चलन रहेको छ । बडादशैंमा सानाले ठूलाबाट आशीर्वाद लिने चलन रहेको छ । दशैंमा नयाँ नोट, पिङ खेल्ने, चंगा उडाएर रमाइलो गर्ने गरिन्छ ।

बैङ्कले नयाँ छापेको नोटहरु दशैंमा टिकाका लागि काठमाडौं तथा शहरी क्षेत्रबाट आफ्नो थातथलो जानेले लगिदिने चलन पनि छ । दशैंले कहिले नयाँ लुगाको बहानामा त कहिले घोर्लै खसी-बोकाको बहानामा, कहिले घर जाने रौनक त कहिले देशका हरेकजसो स्थानमा प्रमुख दुर्गा भवानीका मठ-मन्दिरहरूमा नौरथा (नवरात्री) अवधिभर लाग्ने मेलाले सबैको जीवनमा रङ्ग र उत्साह छरेको छ, कि कसो ? यो वर्ष कोरोना महामारीको कारण यस महान चाड मनाउन थोरै सचेत अनि सावधान हुनुपर्ने अवस्था भने पक्कै छ ।

कतिजना भने परदेशमा गएको वर्षको दशैं सम्झना गर्दै बसिरहनुभएको पनि होला, औंला भाँच्दै कति वर्षदेखि दशैंमा घर जान नपाएको र अब कति वर्ष या महिनापछि घर जाने भनेर पनि बस्नुभएको कति प्रवासी नेपाली हुनुहुन्छ ? यो दशैंमा घर आउन नपाए पनि के भयो र अर्को दशैं या अर्को वर्ष तपाईंले स्वदेशी माटोमा पाइला राख्न अवश्य आउनुहुनेछ ।

आज सप्तमीको यो विशेष दिनलाई फूलपाती भनिन्छ । यसदिन देवी कालरात्री स्वरुपा दुर्गाको विशेष पूजाअर्चना गर्ने गरिन्छ । कृष्णवर्ण अर्थात् कालो वर्ण भएकी, तीन नेत्र अनि चारहात भएकी, चारै हातमा क्रमशः तरवार, मसाल बोकेकी घोरमुद्रा तथा अभय मुद्रा धारण गरेकी, श्वाँस फेर्दा आगो ओकल्ने यीनै देवीले भुँईमा झरेको हरेक थोपा रगतबाट पूर्नजीवन पाउने रक्तविज नामक दैत्यको संहार गरेकी हुन् । आजको दिन केरा, हलेदो, धान, अशोक, वेलपत्र, दारिम, धानको वाला, केराको बोट, जयन्ती र उखुँ लगायतका लहरापात अनि विभिन्न प्रकारको फूलपात समिश्रित 'फूलपाती' भित्र्याइन्छ । यस दिन कालरात्री देवीका साथसाथै विद्या तथा सङ्गीतकी देवी सरस्वती माताको पनि पूजा गरिन्छ ।

आजको यस विशेष सातौं दिन दुर्गाको सातौं स्वरुप कालरात्रीको विधि-विधान अनुसार अनुष्ठान गरेर गणेशको रुपमा स्थापना गरिएको कलशको छेउमा नौ वटा स-साना ढुङ्गाहरुलाई नवदेवीका प्रतिमाका रुपमा स्थापित गरी नैवेध, फलफूल आदि चढाएर पूजा गर्ने गरिन्छ ।

कालरात्री स्तूती मन्त्र ॥

*या देवी सर्वभूतेषु माँ कालरात्री रूपेण संस्थिता*
*नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः॥*

*अर्थात् :*

*कालरात्री देवीकी रूपमा सर्वत्र विराजमान माता अम्बे !*

म तपाइलाई कोटी-कोटी प्रणाम गर्दछु, मलाई शक्ति दिनुहोस् ॥

नेपाल एकीकरण पश्चात् नै गोर्खाबाट उठाइएको फूलपाती देशका विभिन्न ठाँउहरुमा रहेका महत्वपूर्ण शक्तिपीठहरुमा पुऱ्याउने चलन थियो । नेपाल एकिकरणदेखि नै एकता र सांस्कृतिक प्रतिक गोर्खा जिल्लासँग नेपालीको पहिचान जोडिएको छ । तसर्थ, गोरखाको फूलपाती विशेष हुने गर्दछ । काठमाडौंको हनुमान ढोकाको तलेजु भवानीको मन्दिरमा रहेको दशैंघरमा पनि गोर्खाबाटै ल्याइएको फूलपाती धादिङ्ग जिल्लाको जीवनपुर हुँदै भित्र्याइने चलन थियो ।

लोकतन्त्र आगमनपछि यो एतिहासिक चलनलाई निरन्तरता नदिए पनि थोरै फूलपाती भए पनि मोटरसाइकलमा काठमाडौंसम्म ल्याइने गरिएको स्थानीय बताउँछन् । गोरखा दरबारमा अवस्थित गोरखकाली मन्दिरमा जब आधा घाम अस्ताएको र आधा घाम देखिने समय हुन्छ । तबमात्र फूलपाती भित्र्याउने चलन छ । फूलपातीको अघिल्लो दिन नै गोरखकाली दरवारका कर्मचारीहरु सदरमुकाम र अन्य आसपासका जङ्गल र गाउँबाट फूलपाती संकलन गर्न निस्किन्छन् । यसरी सङ्कलन गरी ल्याइएको फूलपाती अघिल्लो दिन नै साँझमा गोरखकाली मन्दिरबाट अलि तल सतीपिपल भन्ने पीपल चौतारीमा राख्ने चलन छ ।

उक्त फूलपातीलाई विशेष मौलिक सिङ्गारपटार गरेर, झकीझकाउ बनाएर अर्को चौतारीमा ती फूलपातीलाई पर्सिने चलन छ, दरबारबाट आएका विशेष टोलीहरुले वाजागाजा अनि हर्ष बढाई गर्दै कलश यात्रा गरेर फूलपाती दरवार भित्र्याउने चलन छ । यस्तो शोभायात्रामा प्रमुख जिल्ला अधिकारी लगायतका जिल्लाका मुख्य प्रशासनिक क्षेत्रका प्रमुख अनि सुरक्षा निकायका प्रमुखहरु उपस्थित हुने चलन छ । यसरी गोर्खामा भेला पारिएको फूलपातीलाई काठमाडौं ल्याएपछि नेपाली सेनाको एकटुकडीले टुँडिखेलमा तोपको सलामी दिने चलन पनि रहेको छ ।

अर्कोतर्फ गाउँघरमा आजबाट औपचारीकरुपमा लिङ्गेपिङ हालिन्छ, खरको डोरी र टुप्पो नकाटिएको हरियो चारवटा बाँसलाई गाडेर बनाइने यो पिङ दशैंको अर्को रौनक हो, जुन सदियौंदेखि दशैंमा मनोरञ्जन गरीने एउटा मौलिक साधनको रूपमा प्रचलित छ । मान्छे चढेर मच्चिएपछि बाँसको टुप्पोबाट एकतमासको आवाज आउँछ, दशैंको यस विशेष अवधिकाबीच एकपटक भए पनि भुइँ छोडनु भन्ने चलन छ, पिङ चढेका बखत भुई छोडिन्छ र मच्चिउनञ्जेल प्रकृतिको खुल्ला काखमा पन्छी झैं स्वतन्त्र भई यो शरीरले स्वाँश भर्छ, अथवा एउटा नियन्त्रित उडानको अनुभूत गर्छ ।

गाउँघरमा माहौल पक्कै पनि रोमाञ्चक छ, मुग्लान पसेका साथीभाइ आफन्तजन, प्रियजन आफ्ना गाउँठाउँमा कतिको फर्केका छन् ? शहर बस्नेहरु पनि गाउँ-ठाउँ फर्केका छन् कि छैनन् ? कतिका आमाबुवा, दिदी-बहिनी, दाजूभाइका मन हर्षले गद्गद् होलान् त कति प्रतिक्षाका आँखा ओछ्याइ पर्खी बसेका होलान् । छोराछोरी, बुहारी अनि नातिना लगायत तीन चार पुस्ता नै घरमा भेला भएको हुनपर्दछ । लिपपोत गरिएको सफा काठले बनेको नेपाली टाँडेघरको रौनक वास्तवमैं अतुलनीय छ, आजैबाट खसीबोका काट्ने तथा वलि कार्य प्रारम्भ भइसक्यो ।

चाडवाडहरु नभई दिएका भए हाम्रो जीवन कति निरस हुन्थ्यो होला ? चाडपर्वले जीवनलाई एउटा फरक ऊर्जारसले भर्ने गर्दछ । यो दशैंपछि म यो गर्छु, त्यो गर्दिन भन्ने हाम्रा स्वप्रतिज्ञाहरु र योजनाहरु पनि छन्, दशैंले सबको इच्छा पूरा गरोस् । यो चाड सनातन हिन्दू मात्रको नभई तमाम नेपालीजनको हो, यसको मौलिक विशेषता भने कै यही हो । तडक-भडकभन्दा पनि सामान्य जीवनशैली अनि असामान्य आत्मियताका साथ चाड मनाउनुहोला । यो रमाइलो माहौलको शुभकामना !

# व्यासाचार्य खतिवडाद्वारा पत्रकार उपचारकोषमा सहयोग



**बिर्तामोड, असोज २५।** अर्जुनधारास्थित शंखराचार्य पिठ साधुटारका अध्यक्ष व्यासाचार्य लक्ष्मीप्रसाद खतिवडाले पत्रकार सहारा उपचार कोषलाई नौ हजार नौ रुपैयाँ प्रदान गरेका छन् ।

नवरात्रको अवसरमा आचार्य खतिवडाले पत्रकारहरुको उपचार कोषमा सहयोग प्रदान गरेका हुन् । आइतबार साधुटारस्थित शंखराचार्य पिठमा महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई र कार्यसमिति सदस्य होमप्रकाश अधिकारीलाई उक्त रकम प्रदान गरेका हुन् ।

रकम हस्तान्तरण गर्दै आचार्य खतिवडाले दिनरात सञ्चारकर्ममा लागेर हरेक नागरिकलाई सु-सूचित गर्न अहोरात्र खट्ने पत्रकारलाई सहयोग गर्न पाँउदा खुशी लागेको बताए । उनले झापाली पत्रकारले देशको राजनीतिसँगै धार्मिक संकृतिको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रशंसा गरे ।

महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोष एक करोड रुपैयाँ पुर्‍याउने लक्ष्य राखिएको छ । कोषको व्याजबाट पत्रकारहरु विरामी तथा दुर्घटनामा घाइते हुँदा उपचार सहयोग प्रदान गरिँदै आएको छ । पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीका अनुसार कोषमा हाल ४५ लाख रुपैयाँ जम्मा भइसकेको छ । कोषमा सहयोग जुट्ने क्रम जारी छ ।

महासंघ झापा शाखाले संघ-संस्था, सहकारी, बैंक, दाता सबै क्षेत्रलाई एकपटक पत्रकारको दिगो हितका लागि स्थापना भएको उपचार कोषमा सहयोग गर्न आह्वान गरेको छ ।

# 'सबैलाई न्याय हुने वातावरण बनाऔं'

**बुट्टाबारी, असोज २५।** नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टीमा सबैलाई न्याय हुने वातावरण बनाउन नवनिर्वाचित नेतृत्वलाई आग्रह गरेका छन् ।

नेपाली कांग्रेस बिर्तामोड नगरपालिका वडा नं. ६ द्वारा आयोजित शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रममा बोल्दै नेता शिवाकोटीले आफ्नासँग नभई विपक्षीसँग प्रतिष्पर्धा गर्ने अवस्थामा रहन कार्यकर्तालाई निर्देशन दिए ।

कार्यक्रमका विशेष अतिथि कांग्रेस झापाका सभापति उद्धव थापाले आन्तरिक छनौट प्रक्रियामा विजयी वा उपविजयी हुँदैमा नाफा नोक्सान नहुने बताउँदै अर्को पार्टीसँगको निर्वाचनमा पार्टीका उम्मेद्वारले हार्दा चाहिँ संगठनलाई नोक्सान हुने बताए ।

१४औं महाधिवेशनका लागि जिल्ला सभापतिका उम्मेद्वार देउमान थेवेले पार्टीको आन्तरिक छनौट प्रक्रिया भएकोले सहमति, सहकार्य र एकताबाट महाधिवेशनबाटै सम्पन्न गर्नुपर्नेमा जोड दिए । आशिष बनको सभापतित्वमा सम्पन्न कार्यक्रममा हर्कलाल गिरी, जलकुमार गुरुङ, कृष्ण हुमागाँई, सीता पौडेल, छत्र गिरी, सूर्य कन्दङ्वा, पवित्रा ढुङ्गाना लगायतले शुभकामना मन्तव्य राखेका थिए । हेमकुमार कट्वालले स्वागत गरेको कार्यक्रमको सञ्चालन जीवन बास्कोटाले गरेका थिए ।




# कस्तो मासु स्वस्थकर ?



दशैंमा प्राय: सबै नेपालीको घरमा मासु प्रसस्त हुन्छ । परापूर्वकालदेखि सिँगै खसी, राँगा, सुँगुर, बंगुर, बोका, भेडा, च्यांग्रा काट्ने र मासु सँगालेर खाने हाम्रो चलन छ । त्यो पनि अझ गाउँघरमा यो चलनचल्ती बढी छ । दशैंमा काटेको खसीबोकालाई धेरै दिनसम्म बिना फ्रिजमा राख्दा बिग्रने र विष सावित हुने डर हुन्छ । फ्रिजको चिस्यानमा राखेमा मात्र मासु सुरक्षित रहन्छ ।

मासुलाई सर्लक-सर्लक्क साँप्रा र अन्य भाग छुट्याएपछि राम्ररी सफा गरेर सुख्खा बनाएर मात्र फ्रिजमा भन्डारण गर्नुपर्छ । फ्रिजको तापक्रम घटीमा ३ डिग्री सेल्सियस र बढीमा ५ डिग्री सेल्सियस हुनु जरुरी छ । फ्रिज नहुनेको हकमा मासुलाई सुख्खा बनाएर कुट्ने र मज्जाले तेलमा भुटेर नुन नहाली पानी सुकाएर हावा आउने ठाउँमा जाली या पातलो कपडाले छोपेर राख्न सकिन्छ र चाहिएको बेला निकालेर अलि-अलि पकाएर खान सकिन्छ ।

मासु काट्दा सकेसम्म माछा, कुखुरा, खसी-बोका एउटै अचानोमा नकाट्नु बेस मानिन्छ । यदि काट्नु परेमा पनि एउटा किसिमको मासु काटिसकेपछि अचानोलाई राम्ररी सफा गरेर सुख्खा पारेपछि मात्र काट्नु सुरक्षित मानिन्छ । यदि माछा-मासु मिसाएर एउटै अचानोमा काट्दा एकअर्कामा संक्रमण भई ब्याक्टेरिया फैलिने सम्भावना पर्याप्त हुन्छ । पाकेको मासु र काँचो मासु पनि कहिले एकै अचानोमा काट्नु हुँदैन । सकेसम्म काठको अचानो प्रयोग नगर्नु बेस मानिन्छ ।

मासु राम्ररी पाक्नु अत्यन्त जरुरी छ । नपाकेको मासु खाँदा विभिन्न रोग लाग्ने तथा नपच्ने डर हुन्छ । एक पटक मासु खाँदा १८० देखि २२० ग्रामसम्म मात्र खानु उपयुक्त मानिन्छ र तिनै छाकमा निरन्तर मासु खाँदा शरीर भारी हुने अल्छी लाग्ने हुन्छ । मासु सँगसँगै विभिन्न सागपात तथा सलाद र साकाहारी परिकार अनिवार्यरुपमा समावेश गर्नु वेश हुन्छ । बिहान पर्याप्त मासु खाए तापनि बेलुका मात्रा घटाउँदा उत्तम हुन्छ । दशैंमा मासु ज्यादा खाने हुँदा पानी पनि पर्याप्त पिउनु जरुरी छ । धेरै मासु खानु हानिकारक हुन सक्छ । नियमित रातो मासु मात्र खानुभन्दा कुखुरा, माछा, हरियो सागपात, सलाद मिलाएर खाँदा शरीरलाई फाइदा गर्छ ।

**कस्तो माछा–मासु हाइजेनिक हुन्छ ?**

विकसित मुलुकमा पशु या पन्छी स्वस्थ छ भनी सम्पूर्ण चेकजाँच गरेर कानमा सुरक्षित ट्याग लागेपछि मात्र वध गर्न योग्य मानिन्छ । यो काम गर्ने अधिकार राज्यको खाद्य प्रयोगशाला तथा सम्बन्धित विज्ञले मात्र पाएको हुन्छ । अस्वस्थ पशुपन्छीलाई छुट्याएर राखिन्छ र उपचार गरिन्छ, या त उपभोग गर्न अयोग्य ट्याग लगाएर छोडिन्छ । तर, नेपालमा यस्तो गरेको पाइँदैन ।

नियमपूर्वक छाला, रगत र भित्री भागबाट छुट्याएर सेक्रिगेसन गरी सुरक्षितरुपमा डिप फ्रिजमा भन्डारण गरेर तयार गरेको मासु नै हाइजेनिक मानिन्छ, जुन मिश्रित रुपमा भन्डारण गर्नुहुँदैन । यदि त्यसो गरेमा कन्टामिनेसन हुँदा मासु सुरक्षित हुँदैन । जथाभावी चेकजाँच नगरी काटमार गरेर अव्यवस्थित रुपमा बिक्री-वितरण गरिएको मासुलाई हाइजेनिक मानिँदैन । जसले जनस्वास्थ्यमा प्रतिकुल असर गर्छ । दशैंको शुभ अवसर पारेर यहाँ केही प्रमुख नेपाली खानाका पारिकार पस्कने जमर्को गरिएको छ ।

# यार्सागुम्बासहित दुई जना पक्राउ



**सुनसरी, असोज २५।** सुनसरी इटहरी उपमहानगरपालिका-६ स्थित जय नेपाल होटलबाट तीन किलो यार्सागुम्बासहित खोटाङ रावाबेशी गाउँपालिका-४ बस्ने २७ वर्षीय समिर गुरुङसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

उक्त होटलमा यार्सागुम्बाको कारोबार भइरहेको भन्ने खबर प्राप्त हुना साथ इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त यार्सागुम्बासहित फेला पारी पक्राउ गरेको हो ।

उनीहरुलाई आवश्यक कारवाहीको लागि सब डिभिजन वन कार्यालय तरहरामा बुझाइएको प्रहरीले जनाएको छ ।


शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मेघराज बाँस्तोला : सचिव — जलकुमार गुरुङ : अध्यक्ष

एवम् बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार

बिर्तामोड, झापा

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र सुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्द २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस

७ बार १२ महिना सञ्चालनमा

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

अतिथिसदन उत्तरपट्टिको घर

फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी

उमेर : २५-५५ वर्ष (महिला/पुरुष)

सम्पर्क :

सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.

बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण

फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

आधुनिक भ्याकुम सिस्टम भएको प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्याक्टीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क: ९८०८००५२०६/९८७३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क: देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।


स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा कर्मचारी, शेयर सदस्य, सदस्यहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शान्तिकुमार नेपाल: सचिव — सन्तोष राजवंशी : अध्यक्ष

जीवनज्योति वचत तथा ऋण सहकारी संस्था लि.

मेचीनगर-१०, धुलावारी, झापा (सम्पर्क: ५६५४४६)


बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- कोरोना भाइरस (कोभिड-१९) महामारीको संक्रमण कायमै रहेको हुँदा आउँदै गरेको हिन्दूहरुको महान चाड वडादशैंमा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहेका मठ, मन्दिर तथा शक्तिपीठहरुमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, अर्चना, भेलामा हुने सहभागितालाई कम गर्न र गर्नैपर्ने पूजा विधि न्यूनतम् भक्तजनहरुको उपस्थितिमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गरेर मात्र गर्नुहुन हार्दिक अनुरोध छ ।
- नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्दै बजारमा हुन सक्ने भीडभाडलाई कम गरी किनमेल र व्यापार व्यवसाय सञ्चालन गर्नुहुन सबै व्यवसायी/व्यापारी तथा नागरिकलाई अनुरोध छ ।
- विजयादशमीको अवसरमा टीका लगाउने, आशिर्वाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघरभित्र सीमित राख्ने । टीका ग्रहण गर्दा ज्येष्ठ नागरिक, बिरामी र बालबालिकाहरुलाई विशेष महत्व दिई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्नुहुन अनुरोध छ ।

**गणेशप्रसाद दाहाल: प्रमुख प्रशासकीय अधिकृत**


उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक

शाखा कार्यलिय बितमोिड, पथरी, इलाम

सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ । कामको चाप बढ्नेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले काममा उत्साह जगाउला । मित्रता र प्रेमको बन्धन कसिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । आतिथ्य भने खर्चिलो हुन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
पहिलेका कामबाट आम्दानी भइरहनेछ । व्यवसायमा पनि फाइदै हुनेछ । तर, यात्रा गर्दा धनमाल हराउन सक्छ, सचेत रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा इर्ष्या गर्नेहरूले हार खाने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । तर, बलजफ्ती गर्ने बानीले चुनौति निम्त्याउनेछ । इर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिएलान् । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । मालसामानको ख्याल गर्नुपर्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
शुभचिन्तकहरूले साथ दिने छन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । प्रतिष्ठित काम गर्ने मौका छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
चिताएका काम बिस्तारै भए पनि सम्पादन हुने छन् । पढाइलेखाइमा प्रगति हुनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
सन्तान वा सहयोगीका माध्यमबाट काम बन्ने देखिन्छ। आफ्नो प्रतिभाको कदर हुनेछ । बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ ।